नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरमथली,रसुवा
३ नं प्रदेश नेपाल ।

फोन नं. ०१-६९२४८२४

पत्र संख्या –०७५/०७६
चलानी नं.–

मिति :-२०७५।०६।०८

## साना सिंचाई आयोजनाको लागि आवेदन माग गरिएको बारे
## सार्वजानिक सुचना

यस गाउँपालिका अन्तर्गत कृषि विकास शाखाको ***चालु आ.ब. २०७५।०७६ को साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम*** बाट कृषक सदस्यहरुको सामुहिक एकत्रा (एक आपसमा जोडिएका खेतबारी) मा सिंचाई सुविधा पुऱ्याउने उद्धेश्यले निर्माण वा मर्मत सुधार हुने स-साना अस्थाई बाँध,छेकबार,कुलो सुधार/संरक्षण,पोलिथिन पाईप,पोखरी निर्माण,थोपा सिंचाई,स्प्रीङ्कलर,लिफ्ट सिंचाई आदि र उक्त निर्माणको लागी आवश्यक सामाग्री तथा दक्ष ज्यामीहरुको ज्याला समेत खर्च गर्न सक्नेगरी आवश्यक सिंचाई स्कीमहरु तयार पारी योजना माग गर्न तपशिल बमोजिम शर्त र आवश्यक कागजातहरु संलग्न गरी ***मिति २०७५।०६।०८ देखि २०७५।०७।२९ गते सम्म*** यस कार्यालयमा आवेदन पेश गर्नु हुन यो २२ दिने सुचना प्रकाशित गरिएको छ ।

### तपशिल

१.कार्यालयले निर्दिष्ट गरेको ढाँचाको आवेदन फाराम पूर्ण र प्रस्ट रुपमा भरी गाँउपालिकाको कार्यालय सरमथली (पारच्याङ) वा सम्बन्धित वडा कार्यालयमा ***मिति २०७५।०७।२९ गते सोमबार कार्यालय समयसम्म मा दर्ता गराई सक्नु पर्ने छ ।***

२. नौकुण्ड गाँउपालिका भित्र कार्यक्षेत्र भएका मान्यता प्राप्त कृषक सहकारी संस्था,सिंचाई उपभोक्ता समिति वा कृषि विकासका लागि दर्ता भएको १ वर्ष अवधि पुरा गरेका क्रियाशिल कृषक समुहले मात्र आवेदन दिन सक्नेछन् ।

३.आवेदनको साथ संस्था गठन भएको ***दर्ता प्रमाण पत्र,समुह नविकरण गरिएको प्रमाण पत्र र संस्थाका अध्यक्षको नागरिकताको प्रतिलिपी,समुह वा संस्थाको बैठक माइन्युटको प्रतिलिपी १/१ थान,सम्बन्धित वडा को सिफारीस*** समेत संलग्न हुनु पर्ने छ ।

४. आवेदन फाराम रु.१००।- नगदै तिरी गाँउपालिकाको कार्यालय सरमथलि(पारच्याङ) वा सम्वन्धित वडाबाट प्राप्त गर्न सकिनेछ ।

५. आयोजनामा कुनै पनि किसिमको वादविवाद,झै-झगडा,किचलो वा विवाद नभएको हुनु पर्ने छ ।

६. विगतमा दिईएको आवेदन उपर कुनै कारबाही हुने छैन ।

७. आवेदन फाराममा उल्लेखित सम्पुर्ण विवरणहरु पेश गर्नु पर्नेछ । पुर्ण विवरण नभरेमा तथा माथि उल्लेखित कागजात र शर्त पुरा नभएको आवेदन स्विकृत गरिने छैन ।

८. ***गत/विगतमा अनुदान दिईएका योजनाहरु,पाईप मागिएका योजनाहरु,खानेपानी योजनाहरु,व्यक्तिगत योजनाहरु,श्रमदान नजुट्ने योजनाहरुलाई प्राथमिकता दिईने छैन ।***

९. विस्तृत जानकारीको लागी यस कार्यालयमा वा सम्बन्धित कृषि प्राविधिक तथा वडा मा सम्पर्क गर्न सकिने छ ।

१०. अन्तिम स्कीम छनौट गर्ने पूर्ण अधिकार नौकुण्ड गाँउ कार्यपालिकामा निहित छ ।

........ २०७५।०६।०८

नि. प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत